अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८२।०२।२९ गते।

प्रेस विज्ञप्ति

विषय: चक्रघट्टा गाउँपालिका सर्लाहीका तत्कालीन गाउँपालिका अध्यक्ष विक्रम यादवसमेत १० जना र स्काई राइज ट्रेडिङ कन्सर्न, एस.के.स्टोर्स, जियो टेक्निकल एण्ड इन्फ्रास्ट्रक्चर सोलुसन नेपाल उपर गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धी आरोपपत्र दायर।

जिल्ला सर्लाही, चक्रघट्टा गाउँपालिकाले आ.व.२०७८/७९ मा गाउँपालिकाबाट सौर्य बत्ती जडान कार्यक्रमको लागि छुट्टयाइएको बजेट टुक्रा-टुक्रा पारी खरिद गरेको कार्यमा अनियमितता भएको भन्ने समेत व्यहोराको उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा चक्रघट्टा गाउँपालिका सर्लाहीको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रममा वडा नं.१ देखि वडा नं.९ सम्मको लागि सौर्य बत्ती जडान गर्ने योजनामा ९ वटा शीर्षकमा कुल रकम रु.२,१६,००,०००/- विनियोजन भएकोमा पोल खरिद, सोलार प्यानल खरिद, लाइट/तार/नटबोल्ट खरिद, ब्याट्री खरिद र चार्ज कन्ट्रोलर खरिद तथा इन्स्टलेसनसमेतको लागि बदनियत राखी टुक्राई ५ वटा प्याकेजको छुट्टाछुट्टै गरी स्वीकृत विनियोजित बजेट भन्दा बढी रु.२,५३,१७,२५०।- **तालिका नं १** बमोजिमको लागत अनुमान स्वीकृत गरी गराई बोलपत्र आह्वानको सूचना प्रकाशन गरे गराएको देखिएकोः

तालिका नं.१:-

चक्रघट्टा गाउँपालिका सर्लाहीको आर्थिक वर्ष २०७८/०७९ सौर्य बत्ती जडान कार्यक्रमको विनियोजित बजेट

सि. नं.	साविकको योजनाको नाम	साविकमा विनियोजित रकम रु.	संसोधित योजनाको नाम	संसोधित रकम रु.
१.	वडा नं. १ मा सौर्य बत्ती जडान	१८,००,०००।-	पोल खरिद	४८,८१,६०० ।-
२.	वडा नं. २ मा सौर्य बत्ती जडान	३६,००,००० ।-		
३.	वडा नं. ३ मा सौर्य बत्ती जडान	१८,००,००० ।-	सोलर प्यानल खरिद	५४,००,००० ।-
४.	वडा नं. ४ मा सौर्य बत्ती जडान	१८,००,००० ।-		
५.	वडा नं. ५ मा सौर्य बत्ती जडान	२४,००,००० ।-	लाइट, तार, नटबोल्ट खरिद	४२,७२,००० ।-
६.	वडा नं. ६ मा सौर्य बत्ती जडान	१२,००,००० ।-		
७.	वडा नं. ७ मा सौर्य बत्ती जडान	३६,००,००० ।-	ब्याट्री खरिद	५९,०५,००० ।-
८.	वडा नं. ८ मा सौर्य बत्ती जडान	३०,००,००० ।-		
९.	वडा नं. ९ मा सौर्य बत्ती जडान	२४,००,००० ।-	चार्ज कन्ट्रोलर खरिद तथा इन्स्टलेसन	४८,६०,००० ।-
	जम्मा रु.	**२,१६,००,००० ।-**	**जम्मा रु.**	**२,५३,१८,६०० ।-**

माथी तालिका नं १ मा उल्लिखित विवरण बमोजिम एक सेट सौर्य बत्ती जडान भई संचालन हुन आवश्यक पाँचै थरी मालसामान एकै प्याकेजमा खरिद गर्नुपर्नेमा टुक्र्याई पाँच वटा प्याकेज बनाई उपलब्ध बजेट भन्दा बढी रकमको लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वानको सूचना प्रकाशन गरेको र बोलपत्र

सूचना प्रकाशन गरेको करिब १ महिनापछि मात्र गाउँपालिकाको विशेष सभाले सोही अनुसार ५ वटा प्याकेज बनाई बजेट थप गरेको, खरिद कार्यमा चक्रघट्टा गाउँपालिकाको अध्यक्ष, निमित्त प्रमुख प्रशासकीय अधिकृत, सब-इन्जिनियर समेतका कर्मचारीहरुले सार्वजनिक खरिद ऐन तथा नियमावलीको कानूनी प्रावधानलाई अन्देखा गरी निश्चित आपुर्तिकर्तासँग मिलेमतो गरी खरिदको प्रथम चरणदेखि नै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ को उपनियम (१)(क) विपरीत एकै प्याकेजमा खरिद गर्नुपर्नेमा टुक्राएर पाँचवटा प्याकेजमा खरिद गरेको, सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ८ को उपनियम (१) विपरित खरिद योजना नबनाई खरिद कार्य गरेको, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ को उपदफा (१) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ को उपनियम (२) विपरित स्पेसिफिकेसन तथा नर्म्स तयार नगरी अस्वभाविक दरभाउ राखी लागत अनुमान तयार गरी स्वीकृत गरेको, सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०, १२, १३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३७, ४५, ४६, ४७ र ४८ विपरित बोलपत्रदाताको योग्यता तथा बोलपत्र सम्बन्धी कागजात तयार नगरी बोलपत्र आह्वानको सूचना प्रकाशन गरेको, सार्वजनिक खरिद ऐन बमोजिम बोलपत्र आह्वानको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेमा सो नगरी स्थानीय पत्रिकामा प्रकाशन गरेको, सार्वजनिक खरिद ऐन, नियम विपरित खरिद मूल्यांकन समिति गठन नगरी खरिद सम्बन्धी काम कारवाही अघि बढाएको देखिएको।

सौर्य बत्ती जडानको लागि ७ वटा फर्महरुले बोलपत्र पेश गरेको, प्रत्येक ठेक्कामा ३/३ वटा फर्महरु बीच मात्र प्रतिस्पर्धा भएकोमा ३ वटा फर्महरु स्काई राइज ट्रेडिङ कन्सर्न, एस.के.स्टोर्स र जियो टेक्निकल एण्ड इन्फ्रास्ट्रक्चर सोलुसन नेपाल एकाघरका परिवारका (बुवा, छोरा र बुहारी) सदस्यहरुको नाममा रहेको देखिएको, समग्रमा लागत अनुमान रकमको १.४९% मात्र घटी ९८.५१% रकममा कबोल गरी बोलपत्र स्वीकृत भएको, ठेक्का बमोजिम खरिद भएका सम्पूर्ण सामानहरु स्काई राइज ट्रेडिङ कन्सर्नका प्रोप्राइटर जय प्रकाश यादवले नै आपूर्ति गरेको देखिएको, सौर्य वत्ती जडानको लागि मालसमान खरिद गर्न एकाघरका परिवारका सदस्यहरुको नाममा रहेको स्काई राइज ट्रेडिङलाई ब्याट्री खरिद ठेक्का दिएको, फर्म जियो टेक्निकल एण्ड इन्फ्रा स्ट्रक्चर सोलुसन नेपाललाई चार्ज कन्ट्रोलर खरिद तथा इन्स्टलेसन ठेक्का, र पोल खरिद ठेक्का दिएको र एस.के स्टोर्सलाई सोलार प्यानल खरिद र लाइट, तार नटबोल्ट खरिदको ठेक्का दिएको, स्काई राइज ट्रेडिङ कन्सर्नका प्रोप्राइटर गाउँपालिका कार्यालयको अधिकार प्राप्त व्यक्तिको हैसियतमा सामग्री निरीक्षण प्रतिवेदन तथा फाइनल बिल तयार गर्ने कार्यमा संलग्न रहेको देखिएको हुँदा प्रतिवादीहरुले आफूहरुलाई गैरकानूनी लाभ र चक्रघट्टा गाँउपालिका/सार्वजनिक संस्थालाई हानी नोक्सानी पुऱ्याउने बदनियतले पोल तथा बत्तीका सामग्रीहरु कम गुणस्तर भएकोमा निर्धारित गुणस्तरको भनी प्रमाणित गर्ने, आपूर्तिकर्ताबाट सामान आपूर्ति सम्पन्न नभइकनै अन्तिम भुक्तानी तथा फाइनल बिल एवं निरीक्षण बिल अनुसारको सामान आपूर्ति सम्पन्न भएको भनी झुट्टा बिल, भरपाई बनाई रु.२,४९,४०,११०/- (अक्षरुपी दुई करोड उन्पचास लाख चालिस हजार एक सय दश रुयैयाँ मात्र) भुक्तानी लिए/दिएको पुष्टि भएकोले उक्त कार्यमा संलग्न देहाय बमोजिमका प्रतिवादीहरु उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

देहाय

सि.नं.	नामथर, पद र कार्यालय	बिगो रु.	कसुर तथा सजायको मागदाबी
१.	चक्रघट्टा गाउँपालिका सर्लाहीका तत्कालीन गाउँपालिका अध्यक्ष विक्रम यादव	रु.२,४९,४०,११०/-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसुरमा बिगो कायम गरी सोही ऐनको ८ को उपदफा (१) बमोजिमको कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन साथै, निज चक्रघट्टा गाउँपालिका सर्लाही स्थित उक्त सार्वजनिक संस्थाका प्रमुख एवं सो सरहका पदाधिकारी भएको र निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद-२ (भ्रष्टाचार कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित मागदाबी बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिईएको छ।
२.	तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत लालबाबु प्रसाद साह	रु.२,४९,४०,११०/-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसुरमा बिगो कायम गरी सोही ऐनको ८ को उपदफा (१) बमोजिमको कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिईएको छ।
३.	लेखा अधिकृत शिव शंकर प्रसाद कुशवाहा	रु. ४७,५९,५६०/-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसुरमा बिगो कायम गरी सोही ऐनको ८ को उपदफा (१) बमोजिमको कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिईएको छ।
४.	सहायक पाँचौं (लेखापाल) संजय कुमार ठाकुर	रु.२,४९,४०,११०/-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसुरमा बिगो कायम गरी सोही ऐनको ८ को उपदफा (१) बमोजिमको कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिईएको छ।
५.	सहायक पाँचौं एवं जिन्सी शाखा प्रमुख राम कैलाश राय यादव	रु.२,४९,४०,११०।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसुरमा बिगो कायम गरी सोही ऐनको ८ को उपदफा (१) बमोजिमको कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिईएको छ।
६.	सब-ईन्जिनियर सन्तोष राय	रु.२,४९,४०,११०।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसुरमा बिगो कायम गरी सोही ऐनको ८ को उपदफा (१) बमोजिमको कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिईएको छ।
७.	सब-ईन्जिनियर राजु राय	रु.२,४९,४०,११०।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसुरमा

			बिगो कायम गरी सोही ऐनको ८ को उपदफा (१) बमोजिमको कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिईएको छ।
८.	स्काई राइज ट्रेडिङ कन्सर्न मलंगवा सर्लाही तथा उक्त कम्पनीका प्रोप्राइटर जय प्रकाश यादव	रु.५८,३९,८४०। -	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ वमोजिमको कसुर भएको हुँदा मुख्य कसूरदारहरुलाई बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिमको कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुने सजायलाई आधार मानी प्रतिवादीहरुलाई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिईएको छ।
९.	एस.के.स्टोर्स मलंगवा तथा उक्त कम्पनीका प्रोप्राइटर रंजु कुमारी शाहको	रु.९५,२३,९१०/-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ वमोजिमको कसुर भएको हुँदा मुख्य कसूरदारहरुलाई बिगो कायम गरी सोही ऐनको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिमको कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुने सजायलाई आधार मानी प्रतिवादीहरुलाई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिईएको छ।
१०.	जियो टेक्निकल एण्ड इन्फ्रास्ट्रक्चर सोलुसन नेपाल मलंगवा तथा उक्त कम्पनीका प्रोप्राइटर संगिता कुमारी	रु.९५,७६,३६०/-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ वमोजिमको कसुर भएको हुँदा मुख्य कसूरदारहरुलाई कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिमको कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुने सजायलाई आधार मानी प्रतिवादीहरुलाई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्यास बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिईएको छ।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया